# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७६।०५।०३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------

दिब्येश्वरी जग्गा एकिकरण आयोजना, सानोठिमी भक्तपुरमा कार्यरत नायव सुब्बा देउमान कडरिया विरूद्ध विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

निजले जग्गाको लालपुर्जा बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले निज नायव सुब्बा देउमान कडरियालाई सेवाग्राहीसँग रू.५०,०००।–(पचास हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा उक्त रकम सहित रङ्गेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा निज नायव सुब्बा देउमान कडरियाले सेवाग्राहीलाई नियमानुसार उपलब्ध हुने जग्गाको लालपूर्जा दिनको लागि सिफारिस उपलब्ध गराउने प्रक्रियामा आफ्नो जिम्मेवारी ओहदा र पदीय दायित्व समेतको ख्याल नगरी विभिन्न बरबहानामा बार्गेनिङ गरी बदनियतपूर्वक सेवाग्राहीलाई घुस /रिसवत दिन बाध्य पारी रू. ५०,०००।–(पचास हजार) घुस /रिसवत रकम लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज देउमान कडरियालाई बिगो रू ५०,०००।–(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता